- ➢ कृषि तथा पशुपंक्षी क्षेत्रको व्यवसायीकरण, विविधिकरण, प्रविधिकरण र वजारीकरण

**यस गरिमामय चौथो नगर सभाका सभाध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म हलेसी तुवाचुङ नगरपालिकाको आ.व. ०७६/७७ मा सञ्चालन हुने विभिन्न कार्यक्रम तथा योजनाहरुको लागि तर्जुमा गरिएका नीति तथा रणनीतिहरु यो सभामा पेश गर्न चाहान्छु ।

**१ . आर्थिक विकास**

**(क) कृषि तथा पशु- 'कृषिको विकास, गरिविको निकास'**

- ✓ दुधकोशी र सुनकोशीको कोशी कोरीडरमा खेतीयोग्य बस्ती र जमिनको पहिचान गरी लिफटीङ प्रणालीबाट सिचाईको व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- ✓ यस नगरपालिकामा सुख्खा खडेरीको कारण यहाँको प्रमुख बालीमा असर परी खाद्य संकट भई भोकमरीको अवस्था भएकोले खाद्य संकट क्षेत्र घोषणा गरी खाद्य सुरक्षा कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था मिलाईनेछ । साथै यस कार्यक्रमका लागि संघ र प्रदेश सरकारलाई खाद्य सुरक्षा कार्यक्रम संचालनको लागि अनुरोध गरिनेछ ।
- ✓ नगरपालिकाका वडा नं.१,२,३ मा गहत, खुर्सानी र कोशेबाली, वडा नं.१,२,५,८ र ११ वडामा बदाम खेती पकेट क्षेत्र घोषणा गरी आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- ✓ पत्येक वडा वा टोलमा रहेका कृषि सहकारीलाई प्रोत्साहन गरी उत्पादन र आयमुलक कृषि तथा पशुजन्य उत्पादन संग जोड्न अभिवृद्धि गरिनेछ ।
- ✓ विभिन्न बालीको पकेट स्थलमा व्यवसायिक र अर्ग्यानिक कृषिलाई प्रवर्द्धन गरी संकलन विन्दु, संकलन केन्द्र र हाटबजारका साथै राष्ट्रिय स्तरको बजारीकरणमा टेवा पुग्ने कार्यमा जोड गरिनेछ ।
- ✓ रसायनिक मलको आयात प्रतिस्थापन गर्न मुत्र संकलन एवं गोबर खाल्डो सुधार कार्यक्रम संचालन गर्ने तथा लघु मझौला प्राङ्गरिक मल स्थापना गरिनेछ।
- ✓ कृषि तथा पशुजन्य उत्पादनमा संलग्न कुशल, योग्य र सफल अगुवा कृषक वा कृषक समूहलाई लगानीमैत्री ठोस अनुदान उपलब्ध गराईनेछ ।
- ✓ सर्वभुलभ रुपमा कृषि तथा पशुजन्य उत्पादनको पहुँच पुर्याउन कृषि सिकाई श्रोत अनुसन्धान केन्द्र तथा परामर्श केन्द्र स्थापना विकास र विस्तार गरिनेछ ।
- ✓ मासु तथा दुधजन्य पदार्थको व्यवस्थित पशु वधशाला तथा डेरी दुध उत्पादन केन्द्रको स्थापना तथा विस्तार गरीनेछ ।
- ✓ कृषि तथा पशुजन्य प्रत्येक क्रियाकलापहरुमा अनुगमन, नियमन र सुपरिवेक्षणमा कडाई गरी समतामुलक,समावेशी विकास गरिनेछ ।
- ✓ पुरस्कार, सम्मान, प्रशंसा, दण्ड-जरिवाना र सजायको व्यवस्था गरी कृषि कार्यप्रणलीलाई व्यवस्थित गरी अगाडी बढाईनेछ ।
- ✓ प्रत्येक कृषि उत्पादनलाई पर्यटनसंग हातेमालो गर्दै प्रत्यक्ष रुपमा आन्तरीक र बाह्य पर्यटक भित्राउदै आयआर्जनसंग जोडीनेछ ।
- ✓ नयाँ नयाँ खेती (जस्तैः पुष्प खेती ) लाई विस्तार गरिनेछ ।
- ✓ विभिन्न कृषि पकेटहरुमा वानस्पतिक तरिकाको उपचारबाट कृषि शिविर संचालन गरी अर्गानिक कृषि क्षेत्र घोषणा गर्ने व्यवस्था मिलाईनेछ ।
- ✓ विभिन्न कृषि उत्पादनको कृषि भण्डारण स्थल निर्माण विकास एवं विस्तार गर्दै लगिनेछ ।
- ✓ कृषि क्षेत्रको बाली तथा पशुपंक्षि विमा कार्यलाई प्रभावकारी बनाई दुर्गम बस्तीका कृषकहरु माझ पहुँच पुर्याउने व्यवस्था मिलाईनेछ ।
- ✓ विदेशिएका युवाहरुलाई स्वदेशमा नै स्वरोजगार बनाउन युवा उद्यमी परिचालन कार्यविधी संशोधन गरी आकर्षक बनाउनुका साथै सहुलियतपूर्ण कृषि कर्जा, कृषि औजार उपकरणहरु र कृषि तथा पशुपंक्षिजन्य

- ✓ विद्यालय शिक्षालाई राजनैतिक हस्तक्षेपबाट मुक्त गरिनेछ।
- ✓ परीक्षणको रुपमा केही विद्यालयमा प्राथमिक तह देखी नै अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाइने छ।
- ✓ विद्यालयको अनुगमनलाई प्रभावकारी बनाइनेछ।
- ✓ शिक्षक, विद्यार्थी र अभिभावक आचारसंहिता बनाइ लागु गरिनेछ।
- ✓ विद्यालयहरुमा लगबुकको व्यवस्था गरि लागु गरिनेछ।
- ✓ विद्यार्थीको निरन्तर मुल्याकंनलाई प्रभावकारी बनाइने छ।
- ✓ स्थानीय पाठ्यक्रमको निर्माण गरी प्रयोग गरिनेछ।
- ✓ शिक्षकहरलाई निश्चित समयमा मात्र सरुवा गर्ने व्यवस्था मिलाइनेछ।
- ✓ नगरपालिकाबाट पारिश्रमिक बुझ्नेका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा पठाउने वातावरण मिलाउने काम गरिनेछ।
- ✓ शिक्षकहरुलाइ शैक्षिक भ्रमणको व्यवस्था गरिनेछ।
- ✓ माध्यामिक विद्यालयहरुमा ई-हाजीरीलाई अनिवार्य बनाइने छ।
- ✓ विद्यार्थीको गतिविधिका बारे अभिभावकहरुलाई रिपोर्टिङको व्यवस्ता गरिनेछ।
- ✓ विद्यालयहरुमा ICT को व्यवस्था गरिनेछ।

**(ग) स्वास्थ्य**

✓ नगरपालिका स्तरीय प्राथमिक अस्पतालको स्थान छनौट भइसकेको हुदा निमार्ण कार्यको यथासिघ्र पहल गरिने छ ।

✓ गाउघर क्लिनिक कार्यक्रमलाई सुद्धढ गरिदै लगिने छ ।

✓ वर्थिड. सेन्टरहरुलाई समय सापेक्ष गुणस्तरीय तथा सुविधा सम्पण वनाउदै लगिने छ ।

✓ नगर स्तरीय एम्वुलेन्स सेवाको सुरुवात गरिने छ ।

✓ स्वास्थ्य कर्मीहरुका`लागि आवश्यक क्षमता अभिवृदि तालिमको लागि सम्वन्धित निकाय सम्म पहल गरिने छ ।

✓ प्रत्येक स्वास्थ्य संस्थाहरु वाट अन्लाईन रिपोटिड.को लागि चाहिने आवश्य सामाग्रीको व्यवस्थापन गरि संचालनमा ल्याइने छ ।

✓ स्वास्थ्य सेवामा आम जनताको पहुच पुगोस भने उदेश्यले शहरी स्वास्थ्य केन्द्रहरु विस्तार गरीदै लगिने छ ।

✓ जनताको घर दैलो सम्म चिकित्सकय सेवा पुयाउने उदेशले नि.शुल्क धुम्ति शिविरहरुकोआयोजनालाई निरन्तरता दिदै लगिने छ ।

✓ समृत नगरपालिका स्वास्थ्य नगरवासि नारालाई सकारगर्ने उदेश्यले पोषण संग सम्वन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिदै लगिने छ ।

✓ यस नगरपालिकाको सम्पुर्णवडाहरुलाई क्रमागत रुपमा पुर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिदै लगिने छ ।

✓ महिला स्वास्थ्य स्वयम सेविकाहरुको प्रोत्साहन भत्ता लाई निरन्तरता दिदै लगिने छ ।

✓ महामारी विपदको नियुनिकरणको लागि नगर स्तरीय आकस्मिक कोष साथै द्रुत प्रतिकार्य टोलि ( आर.आर.टी.) लाई तयारी अवस्थामा राख्ने व्यवस्था गरीने छ ।

✓ प्रत्येक विद्ययालयलाई प्राथमिक उपचारको लागि first aid box साथै तालिमको व्यवस्था गरिने छ ।

- ✓ प्रत्येक वडामा अपाङ्गता परिचयपत्र र जेष्ठ नागरिक परिचय पत्र वितरणको लागि घुम्ती शिविर संचालन गरिनेछ ।

## ३. पूर्वाधार विकास

### क) सडक नीति

- ✓ नगरपालिका भित्रका सडकलाई पर्यटकीय सडक, नगरस्तरीय सडक ,कृषिजन्य सडकको निर्माण कार्य सम्पन्न भैसकेको हुनाले उक्त सडकको स्तर उन्नतिको लागि बजेट विनियोजन गरिने छ ।
- ✓ नगरस्तरीय केहि सडक हरुको डी.पी.आर तयार भई हलेसी सल्ले सडक डी.पी.आर . बमोजिम काम संचालन भई रहेको र अन्य सडक हरुको डी.पी.आर .बमोजिम काम गर्न संघ र प्रदेश सरकार सँग अनुरोध गरिने छ ।
- ✓ पूर्वाधार निर्माणको गुणस्तरीयतायकिन गर्न निर्माण सामाग्रीहरुको परिक्षन ,विस्तृत सर्वेक्षण,डिजाइन,सम्झौता लगायतका प्रावधानलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याईनेछ ।
- ✓ नगरस्तरीय सडक निर्माणमा भौलागिक अवस्था हेरेर बाह्रै महिना यातायात संचालनको सुनिशिततामा जोड दिईने छ ।
- ✓ नगर आवधिक योजना अनुसार —समग्र विकास क्षेत्रहरुमा काम गरिने छ
- ✓ संघीय सरकार,प्रदेश सरकार ,नगर विकास कोष , सडक बोर्ड लगायतका साझेदारी संस्थाहरुसंगको सहकार्यमा नगर भित्रका उच्चतम प्राथमिकतामा परेका सडकहरुको निर्माण तथा स्तर उन्नति गर्न साझेदारी नीति अवलम्वन गरिनेछ ।
- ✓ नगरभित्र रिङरोड तथा कोशी करिडोरको संभाव्यता अध्ययन गरेर सोहि बमोजिम कार्य अगाडि बढाइनेछ ।
- ✓ अन्तर जिल्ला तथा अन्तर स्थानिय तह जोड्ने सडकलाई उच्च प्राथमिकता दिई बजेट बिनियोजन गरिने छ ।

### ख ) भवन तथा अन्य भौतिक पूर्वाधार

- ✓ नगरपालिका क्षेत्र भित्र उपलब्ध खानी तथा खनिज पदार्थको तथ्यांक संकलन ,अभिलेख र उचित व्यवस्थापन कार्य अघिबढाईनेछ ।
- ✓ सम्भव भएसम्म हरेक संरचनालाई अपांग मैत्री बनाउन जोड दिनेछ ।
- ✓ एकिकृत बस्ति विकासको अवधारणालाई अवलम्वन गरिने नीति लिईनेछ ।
- ✓ नगरपालिकामा नगर स्तरीय एपोर्ट निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- ✓ बसपार्क निर्माणको लागि निशुल्क जग्गा उपलब्ध भैसकेको र सहरी विकास तथा भवन निर्माण विभागबाट योजना छनोट भईसकेको हुनाले मापदण्ड अनुसारको बसपार्क निर्माणको लागि पहल तथा अनुरोध गरिने छ ।
- ✓ सार्वजनिक स्थानहरुमा आवश्यकताको आधारमा सार्वजनिक शौचालयको निर्माण गरिने छ।
- ✓ नगर प्रवेश गर्ने स्थानहरुमा प्रवेश गेट निर्माण गरि आतिथ्यताको संस्कारको विकास गरिने छ।
- ✓ नगर क्षेत्र भित्र निर्माण हुने घर तथा संरचनालाई व्यवस्थित गर्न भवन निर्माण विनियम — २०७४ निर्माण गरिसकेकाले नक्सा पास गरेर मात्र भवन निर्माण गरिने छ ।
- ✓ नियम विपरित र सार्वजनिक स्थल मिचेर बनाइएका संरचना हरुलाई हटाउने नीतिलाई कडाईका साथ लागु गरिने छ ।

